महाकाली नगरपालिका
Mahakali Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
खलंगा, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल
Khalanga, Darchula, Sudurpaschim Province, Nepal

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा,दार्चुला सुदुरपश्चिम प्रदेश,नेपाल

पत्र संख्याः २०७९/०८०

चलानी नम्बरः

---

मितिः २०७९/०४/०१

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा बजेट निकासा हुँदै आएको र आ.व. २०७८/०७९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका लाभग्राहीहरुले आ.व. २०७९/०८० मा पनि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा उपस्थित भै तोकिएको ढाँचामा निवेदन दिई श्रावण १ गते देखी भाद्र मसान्तसम्म अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउन हुन सूचित गरिन्छ । बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बाबु वा संरक्षकले निवेदन दिन सक्नेछन् । यदि लाभग्राहीहरुले तोकिएको समयमा परिचयपत्र नवीकरण नगराएमा प्रणालीबाट नामावली स्वतः हट्नेछ र पुनः नयाँ लाभग्राहीका रुपमा नाम दर्ता गर्नुपर्नेछ, सो बीचको अवधिको सामाजिक सुरक्षा भत्ता प्राप्त हुने छैन ।

सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनु पर्ने कागजातहरुः

- जेष्ठ नागरिक अन्य तथा जेष्ठ नागरिक दलितको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- जेष्ठ नागरिक एकल महिलाको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी,
- विधवा महिलाको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको सिफारिसको प्रतिलिपी,
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेको महिलाको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको सिफारिसको प्रतिलिपी,
- न्यायीक पृथकीकरण गरी बसेकी महिलाको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, न्यायीक पृथकीकरण भएको प्रमाणपत्र,
- विवाह नगरेको महिलाको हकमा नेपाली नागरिकता प्रमाणूपत्रको प्रतिलिपी, वडाको सिफारिस पत्र,
- अपाङ्गता भएका व्यक्तिको हकमा नावालिग भएमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी, नागरिकता भए नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी र महाकाली नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी, (क) वर्गको अपाङ्गता भएको व्यक्तिको संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपी र संरक्षकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

थप जानकारीका लागि सम्बन्धित वडा कार्यालय, सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाई खलंगा, दार्चुला र मो.नं. ९८६४३०४९९९ मा समेत सम्पर्क गर्न सकिनेछ ।

महाकाली नगरपालिका
सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाई
खलंगा, दार्चुला

......................................
(नर वहादुर ठगुन्ना)
प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः सूचना प्रविधि शाखा Website मा Upload गरिदिन हुन ।

---

ईमेलinfo@mahakalimun@gov.np, mmdarchula@gmail.com, website ww.mahakalimundarchula.gov.np